नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## निर्णयहरू

### निर्णय नं. १

यस वर्षको मनसुनजन्य विपद्का कारणले क्षति भएका यस जिल्लास्थित देहायका व्यक्तिहरुलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट वितरण गरिएको देहायमा उल्लेखित राहत रकम अनुमोदन गर्ने।

देहाय

| सि.नं. | नामथर र ठेगाना | राहत रकम | विपद्को प्रकृति | कैफियत |
|---|---|---|---|---|
| १. | जंगे वर, भेरी नपा. ११ | रु. १५,०००/- | मनसुन- आवास क्षति | |
| २. | भुमिलाल चलाउने, बारेकोट ६ | रु. ३,२०,०००/- | मनसुन- आवास क्षति र परिवारका दुई सदस्यको मृत्यु | |
| ३. | बिर्मी भण्डारी, भेरी नपा. १२ | रु. १५,०००/- | मनसुन- आवास क्षति | |
| ४. | चाउरो कामी- भेरी नपा. २ | रु. २,००,०००/- | चटयाङ्ग- परिवारका एक सदस्यको मृत्यु | |

### निर्णय नं. २

मिति २०८०/०७/१७ गतेको भूकम्पका कारणले पूर्ण रुपमा निजी आवास क्षति भएका लाभग्राहीहरुका लागि जिल्ला विपद् व्यवस्थापन कोषबाट प्रति घरपरिवार रु. २५,०००/- का दरले हुने देहायको अस्थायी आवास अनुदानको दोश्रो किस्ताको रकम सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन कोषमा निकासा भएकोमा उक्त रकम अनुमोदन गर्ने। साथै नलगाड नगरपालिका र शिवालय गाउँपालिकालाई क्रमश रु. २,००,००,०००/- (दुई करोड रुपैयाँ) र रु. १,८८,७५,०००/- गरी जम्मा रु. ३,८८,७५,०००/- (तीन करोड अठासी लाख पचहत्तर हजार) रकम दोश्रो किस्ता वितरण गर्ने प्रयोजनार्थ सम्बन्धित स्थानीय विपद् व्यवस्थापन कोषमा निकासा गर्ने।

देहाय

| सि.नं. | स्थानीय तह | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | बारेकोट गाउँपालिका | रु. ५,७०,५०,०००/- | |
| २. | जुनिचाँदे गाउँपालिका | रु. ५,००,००,०००/- | |
| ३. | छेडागाड नगरपालिका | रु. ५,००,००,०००/- | |

### निर्णय नं. ३

अस्थायी आवास अनुदानको दोश्रो किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहको स्थानीय विपद् व्यवस्थापन कोषमा निकासा गर्नुपर्ने सन्दर्भमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त रकम, स्थानीय तहमा निकासा भएको रकम र जिल्ला विपद् व्यवस्थापन कोषमा मौज्दात रकम समेतलाई दृष्टिगत गरी जिल्ला प्रशासन कार्यालय, जाजरकोटको च.नं. ८२१, मिति २०८१/०८/२१ को पत्रबाट भूकम्प प्रभावितहरुको अस्थायी आवास निर्माण प्रयोजनार्थ प्राधिकरणमा माग गरिएको रु. ६०,००,००,०००/- (साठी करोड रुपैया) रकम अनुमोदन गर्ने।

### निर्णय नं. ४

विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ बमोजिम भूकम्पबाट निजी आवास क्षति भई अस्थायी आवास निर्माणको प्रकृया छिटो टुंग्याउन अस्थायी आवास अनुदानको पहिलो र दोश्रो किस्ताको रकम लाभग्राहीहरुलाई द्रुत गतिमा वितरण गर्नका लागि सम्बन्धित स्थानीय तहहरुलाई अनुरोध गर्ने।

२०८१।०९।०३

भैरव बहादुर मंग्राती
प्रमुख जिल्ला अधिकारी

निर्णय नं. ५

नदीजन्य पदार्थहरुको कानूनसम्मत उत्खनन गरी विकास निर्माणको कार्यहरुमा सहजीकरण एवं दिगो वातावरणीय अनुकूलन कायम गर्नका लागि जिल्लास्थित सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने। साथै सोको अवैध उत्खनन, चोरी तथा निकासी लगायतका गतिविधिलाई नियन्त्रण गर्न जिल्लास्थित सुरक्षा निकायहरुलाई अनुरोध गर्ने।

निर्णय नं. ६

विपद्जन्य जोखिमको पूर्वतयारी, क्षति न्यूनीकरण, प्रतिकार्य एवं पुनर्स्थापनाको कार्यलाई थप सहज, शिघ्र र व्यवहारिक बनाउन स्थानीय तह लक्षित उपयुक्त नीतिगत मार्गदर्शनका लागि जिल्लास्थित सबै स्थानीय तहहरुले आ-आफ्नो विपद् जोखिमको अवस्था र उपलब्ध स्रोत साधन समेतलाई दृष्टीगत गर्दै LDCRF निर्माण गरी Disaster Mitigation Plan मा प्रभावकारी गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने।

निर्णय नं ७

यस जिल्लामा मनसून र आगलागिजन्य विपद्का कारणले प्रत्येक वर्ष ठूलो मानवीय र भौतिक क्षति भइरहेको सन्दर्भमा उक्त विपद्हरुको प्रतिकार्य र सम्भावित जोखिम न्यूनीकरणका लागि आवश्यक तपसिल बमोजिमका विपद् प्रतिकार्यात्मक सामग्रीहरु राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) र आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेशसँग माग गर्ने।

तपसिल

१. रबर बोट : २ थान
२. चेन श : ३ थान
३. प्रोटेबल फायर पम्प : ३ थान
४. फायर ब्याग: २० थान
५. फायर सुट : ५० थान
६. Static र Dynamic Rope(Rafting/Climbing): १००० मीटर
७. Fire extinguisher (multipurpose): ५० थान

निर्णय नं. ८

कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट जिल्ला विपद् व्यवस्थापन कोषमा प्राप्त रकम रु. ७०,००,०००/- (सत्तरी लाख रुपैयाँ) मध्ये विपद् पीडित उद्दार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९ को दफा १५ बमोजिम जाजरकोट भूकम्पमा परी मृत्यु भएका मृतकका हकदारलाई रु. २५,०००/- का दरले गरी जम्मा रु. २५,२५,०००/- (पच्चीस लाख पच्चीस हजार रुपैंया) वितरण गर्ने।

निर्णय नं. ९

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट मनसुनजन्य विपद्का कारणले निजी आवास क्षति भएका भेरी नपा. का १ जना, छेडागाड नपा. का १ जना र बारेकोट गा.पा. ७१ जना लाभग्राहीहरुका लागि संघ, प्रदेश र स्थानीय तहले वेहोर्नु पर्ने लागत सहभागिताको रकम जिल्ला विपद् व्यवस्थापन कोषमा प्राप्त गरी प्रचलित मापदण्ड अनुसार जिल्ला विपद् व्यस्थापन कोषबाट लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा गर्ने।

निर्णय नं. १०

विपद्को समयमा यथासम्भव छिटो खोज तथा उद्दारको कार्यसम्पादन गर्न जिल्लास्थित सबै स्थानीय तहका वडाहरुमा रहने न्यूनतम खोज तथा उद्धारका सामग्रीहरुको व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहहरु र विपद्को क्षेत्रमा काम गर्ने सम्बद्ध संघ संस्थाहरुलाई अनुरोध गर्ने।

निर्णय नं. ११

जाजरकोट-डोल्पा सडक खण्ड अन्तर्गत जिल्ला ट्राफिक कार्यालयदेखि खहरे खोलाबीचको सडक जीर्ण र जोखिमयुक्त भई सवारी आवागमनमा समस्या भैरहेको सन्दर्भमा उक्त सडक शिघ्र मर्मत सम्भारका लागि सडक डिभिजन, चौरजहारीलाई लेखी पठाउने।

२०८१।०३।०८

भेष बहादुर भण्डारी
प्रमुख जिल्ला अधिकारी

**निर्णय नं. १२**

आगामी हिउँद र वर्षातको समयमा सम्भावित प्राकृतिक विपद्को कारणले हुनसक्ने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न जिल्लास्थित स्थानीय तहले सुरक्षा निकाय, विषयगत सरकारी निकायहरु र सम्बद्ध संघ संस्थाहरुसँग समन्वय गरी आवश्यक पूर्वतयारी तथा सचेतनाका कार्यहरु सञ्चालन गर्न अनुरोध गर्ने।

**निर्णय नं. १३**

जिल्ला सदरमुकाम लगायतका जिल्लास्थित बजार क्षेत्रहरु आगलागिजन्य विपद्को जोखिममा रहेकोले सम्भावित आगलागी नियन्त्रण गर्न र सोका कारणले मानवीय/भौतिक क्षति हुन नदिन स्थानीय तहहरुको साझेदारीमा दमकलको व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहहरुलाई अनुरोध गर्ने।

**निर्णय नं. १४**

गत वर्षको भूकम्पका कारणले निजी आवास क्षति भएका र प्रचलित मापदण्ड अनुसार अस्थायी आवास अनुदानको दोश्रो किस्ताको रकम प्राप्त गर्न योग्य लाभग्राहीहरुको उक्त रकम वितरणको लागि वडा एवं स्थानीय तहका जनप्रतिनिधिहरुलाई सहजीकरण गरिदिन जिल्लास्थित राजनैतिक दलहरुलाई अनुरोध गर्ने।

२०८१।०५।०८

मेख बहादुर मगराती
प्रमुख जिल्ला अधिकारी